नेपाल सरकार

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

# सहकारी विभाग, नयाँ बानेश्वर, काठमाडौँ

## आशयपत्र (Expression of Interest) माग गरिएको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७५।११।१५**

यस विभागको चालु आव २०७५/७६ को स्वीकृत बार्षिक कार्यक्रमअनुसार देहायको कार्यको लागि परामर्श सेवा खरिद गर्नु परेको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३०(१) बमोजिम परामर्श सेवा दिन इच्छुक फर्म, संस्था वा कम्पनीले सोसम्बन्धी आशयपत्र यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र पेस गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

१. आशयपत्र पेस गर्न इच्छुक फर्म, संस्था वा कम्पनीले सहकारी विभाग, नयाँ बानेश्वर, काठमाडौँमा मिति २०७५।११।२९ गते कार्यालय समयभित्र पेस गर्नुपर्नेछ र सो दिन सार्वजनिक विदा पर्न गएमा त्यसपछि लगत्तै कार्यालय खुलेको दिन सोही समयमा पेस गर्नु पर्नेछ,

२. प्रस्तावित कामलाई दुइटा पोकाबन्दी (Package) गरिएको छ, आशयपत्रदाताले कुनै एकमात्र पोकाबन्दीका लागि आशयपत्र पेस गर्नु पर्नेछ,

३. आशयपत्रदाताले देहायका विवरण तथा कागजात पेस गर्नु पर्नेछः-

- दुई वा दुईभन्दा बढी फर्म वा कम्पनीले समूह, सङ्गठन वा संयुक्त उपक्रमको रूपमा परामर्श सेवा दिने भए त्यस्ता फर्म वा कम्पनीको नाम, ठेगाना, विवरण तथा मुख्य भई काम गर्ने फर्म वा कम्पनीको नाम,
- फर्म वा कम्पनीको विवरण, सङ्गठन र कर्मचारी बिवरण,
- विगत सात वर्षमा सम्पन्न गरेको समान प्रकृतिको काम र स्थानको विस्तृत विवरण,
- प्रस्तावित कार्यमा संलग्न हुने प्रमुख जनशक्तिको वैयक्तिक विवरण र
- प्रचलित कानुनबमोजिम परामर्श सेवा दिने गरी दर्ता भएको अनुमति पत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाण, आव २०७४/७५ को करचुक्ता प्रमाण लगायतका कानुनी कागजात ।

५. यस सूचनाबमोजिम पर्न आएका आशयपत्रदाताको योग्यता, अनुभव र क्षमतासमेतको मूल्याङ्कन सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७०(५) बमोजिम विभागले तोकेको आधारबमोजिम गरी परामर्श सेवा दिनसक्ने योग्य आशयपत्रदाताहरूको छनौट गरी संक्षिप्त सूची तयार गरिनेछ र उक्त सूचीमा परेका फर्म, संस्था वा कम्पनीबाट मात्र परामर्श सेवा खरिदसम्बन्धी प्राविधिक र आर्थिक प्रस्ताव माग गरिनेछ,

६. संक्षिप्त सूचीमा परेका आशयपत्रदातासँग प्रस्ताव माग गरी छनौट भएको प्रस्तावदातासँग विभागले सम्झौता गरेको मितिले २ (दुई) महिनाभित्र परामर्श सेवाको सम्पूर्ण काम सम्पन्न गर्नु पर्नेछ,

७. आशयपत्रदाताले आफू कालो सूचीमा नपरेको स्वयं घोषणा गरेको पत्र पेस गर्नु पर्नेछ,

८. रीत नपुगी पेस भएको, म्याद नाघी आएको आशय पत्रउपर कुनै कारबाई गरिने छैन,

९. आशय पत्र छनौट गर्ने, नगर्ने वा सूचनाबमोजिमको कार्य स्थगित गर्ने अधिकार यस विभागमा निहित रहनेछ,

१०. यस सूचनामा परेका कुराहरू यसैबमोजिम र नपरेका कुराहरू आशयपत्रसम्बन्धी कागजातमा उल्लेख गरेबमोजिम हुनेछ ।

११. यो सूचना तथा आशयपत्रसम्बन्धी कागजात विभागको वेब साइट : www.deoc.gov.np बाट डाउनलोड गर्न सकिनेछ र

१२. यससम्बन्धी थप कुराहरू बुझ्नु परेमा कार्यालय समयभित्र विभागको सहकारी प्रवर्धन शाखामा सम्पर्क गर्न सकिनेछ ।

**प्रस्तावित कामको विवरण**

| परामर्श सेवा नम्बर | कामको विवरण | काम गर्नुपर्ने स्थान | कामको पोकाबन्दी (Package) |
|---|---|---|---|
| ०१/०७५/७६ | प्रदेश तथा स्थानीय तहसँगको सहकार्यमा प्रदेश १, २, ५ र ७ मा मझौला चिनी कारखाना स्थापनार्थ पूर्व सम्भाव्यता अध्ययन | प्रदेश १, २, ५, ७ र विभाग | प्रदेश १ र २ (प्रथम पोकाबन्दी<br>प्रदेश ५ र ७ (दोस्रो पोकाबन्दी) |